आज मिति २०८३ साल जेठ २९ गते शुक्रवारका दिन दिउसो २:०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ४९ औ बैठक बस्यो।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बाल कृष्णपाते श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानुकाजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्रकर्मा | अनुपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थिति |
| २० | सचिव | श्री भोजराज घिमिरे | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थिति |
| ३ | महाशाखा प्रमुख | श्री तुलशी भक्त तको | उपस्थिति |
| ४ | शाखा प्रमुख | श्री कृष्ण गोपाल श्रेष्ठ | उपस्थिति |
| ५ | शाखा प्रमुख | श्री सुमित्रा पौडेल | उपस्थिति |
| ६ | शाखा प्रमुख | श्री कृष्ण सुन्दर थापा मगर | उपस्थिति |
| ७ | अ.छैठौं | श्री सुब्रिन कुमार चिमौरिया | उपस्थिति |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरु
१. नगर सभाको १४ औं अधिवेशन आव्हान गर्ने सम्बन्धमा ।
२. आई.ई.ई को TOR स्वीकृत सम्बन्धमा ।
३. राजश्व फिर्ता सम्बन्धमा ।
४. विविध ।

निर्णय १ : नगर सभाको १४ औं अधिवेशन आव्हान गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको नगरसभाको १४ औं अधिवेशन मितिः २०८३/०३/१० बुधवार दिउसो २:०० बजे कृषि विकास तालिम केन्द्र सिन्टिटारमा बस्ने गरी आव्हान गर्ने निर्णय गरियो।

निर्णय २. आई.ई.ईको TOR स्वीकृत सम्बन्धमा ।

रुथ रियल स्टेट प्रा.लि मध्यपुर थिमि ७ ले यस नगरपालिका वडा नं ७ को पुर्वमा धुन्चोपाखा हरहर महादेव सडक खण्ड , पश्चिममा दिव्यश्वरी प्लानिङ्गको सिमाना, उत्तरमा मनोहरा खोला र दक्षिणमा राजकुलो भित्रको करिव ३१० -११ -०१ क्षेत्रफलमा धमर्क- सिद्धि गणेश जग्गा विकास आयोजना सञ्चालन गर्नको लागि नगरपालिकामा पेश गरेको वातावरणीय परीक्षण (IEE) को कार्य सुची (**Terms of Referance TOR** ) स्वीकृत गर्ने निर्णय गरीयो ।

निर्णय ३. **Dredging** कार्य सम्बन्धमा ।

यस नगरपालिका क्षेत्र भित्र बगिरहेको मनोहरा खोलामा माटो बालुवा भरिदै आएकोले खोलाको सतह माथि उठन आई बाढीबाट डुवानको समस्या आउन सक्ने वडा नं २,७ र ८ मा पर्ने मनोहरा खोलामा **dreading** कार्य गर्न ७ नं वडा कार्यालयको अनुरोधमा अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिबाट सहमति प्राप्त भई आएकोले ७ नं वडा कार्यालय बाटै बाढीबाट प्रभावित हुने जग्गाधनीहरु मध्येबाट उपभोक्ता समिति गठन गरी अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको शर्त पालना गर्ने गरी निकालेको माटो अन्यत्र नलगी खोला किनारको खाल्डोमा नै ब्यबस्थापन गर्ने गरी कार्य गर्ने स्वीकृत दिने र उक्त कार्यको लागि लागत अनुमानको आधारमा नगरपालिकाले विपद ब्यबस्थापन कोषवाट रु ५,००,०००।-( पाच लाख ) मात्र वजेट उपलब्ध गराउने र अन्य लागत उपभोक्ता समिति बाट व्यहोर्ने गरी उक्त **Dredging** कार्य गर्ने / गराउने निर्णय गरियो।

निर्णय ३. राजश्व फिर्ता सम्बन्धमा ।

यस नगरपालिका वडा नं. ९(साविक वडा नं.३) स्थित सरस्वती पराजुलीको नाममा रहेको कित्ता नं. २१३, २१२, २१५ र २१०, क्षेत्रफल १२९.१७ व.मि. को जग्गा विगतमा नक्सापास रोक्का रहेको क्षेत्रमा परेको र यस नगरपालिकाको ११ औं र १२ औं नगरसभाबाट नक्सापास फुकुवा भए बमोजिम नगरपालिकाको आर्थिक ऐन २०८२ को अनुसूची-१० को क्र.सं.३५(ग) को व्यवस्था अनुसार जग्गाको न्यूनतम मूल्याङ्कनको ३ प्रतिशतको दरले स्वीकृती विनाको प्लटिङ् वापतको



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका

...राज घिमिरे ...नीय अधिकृत

शुल्क राजस्व शिर्षकमा मिति २०८२/०९/३० मा र.नं. २६२८ बाट रू. १,०१,१८४.३२।- तिरेको र पुनः सोही राजस्व शिर्षकमा मिति २०८३/०२/१३ मा ५ प्रतिशतको दरले र.नं. ४३०५ बाट रू. १,६८,६२३.८७ गरी दोहोरो राजस्व तिरेको देखिएकोले दोहोरो परेको उक्त र.न ४३०५ रद्द गरी सो रसिदबाट असूल गरिएको राजस्व रू. १,६८,६२३.८७ (अक्षेरेपि एकलाख अठसाठी हजार छ सय तेईस रूपैंया सतासी पैसा) निजलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय ४. रोड वासर ( जेटिंग मेसिन ) गाडी मर्मत सम्बन्धमा ।

मिति २०८२।०५।२४ गते जेन्जी आन्दोलनका आन्दोलनकारीले आगजनी र तोडफोड गर्दा जलेर क्षति भएको यस न.पा. कार्यालयको नाउमा रहेको रोड वासर ( जेटिंग मेसिन ) **ASHOK LEYLAND** गाडीको मोडेल **ECOMET** १०१२ बनेको साल २०२५ सिलिन्डर संख्या ४ हर्ष पावर ३८३९ **CC** च्यासिस न. **MB१GSGAC७५ERR६५०४** इन्जिन न.**SREZ**४०००१७५ को गाडी न. **G**०१-००१ ग ४५५१ गाडी मर्मत कार्यको गर्न **ASHOK LEYLAND** को **ASHOK LT ENGINEEERING SERVICES PVT.LTD.** ठेगाना बालाजु-१६ बालाजु औधोगिक क्षेत्र काठमाडौं बाट रु,१८,५१,८७०.९१ लागत इष्टमिट पेश भएकोमा उक्त लागत मिति २०८२/०९/२३ को नगरकार्यपालिका बाट स्वीकृत भई मिति २०८२/१०/०८ को पत्र सो गाडी मर्मत गर्न पठाईएकोमा मिति २०८२/१२/२४ मा पुन सो गाडी को रु,२५९५९१८.०२ को लागत इष्टमिट उक्त प्रा.लिबाट पठाईएको देखिन्छ । सो गाडी मर्मत गर्न खोल्दै जादा सो गाडीको थप डेन्टिंग, बडीवर्क तथा पूर्ण कार्य , कलिङ फ्यानसहित रेडियटर एसेम्बली प्रतिस्थापना इन्जिन ओभरहोल तथा मर्मत कार्य ,सम्पूर्ण सवारी साधनको वायरिङ हार्नेस प्रतिस्थापना,सवारी साधनको क्याबिन मर्मत तथा पुनःस्थापना , सम्पूर्ण होज पाइप तथा सम्बन्धित फ्लुइड लाइनहरु प्रतिस्थापना , फ्युल इन्जेक्सन पम्प (**FIP**) तथा इन्जेक्टरहरुको मर्मत तथा क्यालिब्रेन फ्युल टयाङ्क प्रतिस्थापना ,सम्पूर्ण विद्युतीय प्रणालीको मर्मत , स्टेयरिङ गियरबक्स तथा भेन पम्पको मर्मत/प्रतिस्थापना , इन्स्टुमेनट क्लस्टर एसेम्बलीको मर्मत/प्रतिस्थापना , सस्पेन्सन प्रणालीको मर्मत तथा सर्भिसिङ , स्टार्टर मोटर मर्मत , टर्बोचार्जर मर्मत तथा सर्भिसिङ समेतको कार्य गर्नु पर्ने देखिएको भनि पुन मिति २०८३/०२/२८ गतेको पत्र अनुसार रु,२९,८४,०१९.०८ लागत इष्टमिट पेश भएकोले सो लागत इष्टमिट सहित मर्मत आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय ५ : स्वास्थ्य संस्था दर्ता सम्वन्धमा ।

यस नगरपालिका क्षेत्रको आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने गरी सरकारी, निजी, सामुदायिक, गैर सरकारी वा सरकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाहरुको सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा संचालन लगायतको प्रक्रियाहरुको नियमन तथा अनुगमन गरी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने उदेश्यले स्वास्थ्य संस्था दर्ता अनुमति माग भएका साथी स्वास्थ्य सेवा तथा परामर्श केन्द्र प्रा.लि., म.थि.न.पा.४,शंखधर चोक संस्थालाई "मध्यपुर थिमि नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका, २०८१" बमोजिम गठित पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि गठित अनुगमन समितिको मिति २०८२ जेठ १७ गतेको अनुगमनले स्वास्थ्य संस्था सञ्चालन मापदण्ड वमोजिम पुरा भएकोले स्वीकृत दिन मिल्ने भन्ने सिफारिस समेतको आधारमा उक्त संस्थालाई नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली २०७७ बमोजिम यस नगरपालिकाको स्वास्थ्य ऐन २०७९, स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धी निर्देशिका २०८१ र प्रचलित कानुनको अधिनमा रही संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय ६ : खाता परिवर्तन सम्वन्धमा ।

यस नगरपालिकाको नाममा साविक स्थानीय निकाय हुदांको खोलिएको खाता दैविक प्रकोप व्यवस्थापन कोष र वातावरण संरषण कोषमा बाकी रहेको रकम ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खातामा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय ७ : रकमान्तर सम्वन्धमा ।

चालु आ.बको तक्षुटोल परिसर सुधार वाट रु. ५,००,०००।-( पाच लाख ) मात्र रकमान्तर गरी ओम रेडीमेड देखि मिलरोड सम्म निस्कने वाटो सुधार कार्य शिर्षकमा वजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय ८ : ब्लक विछ्याउने सम्वन्धमा ।

यस नगरपालिका वडा नं २ स्थित फुटबल खेल मैदानमा ब्लक विछ्याउने कार्यका लागि रु. १०,००,०००।-( दस लाख मात्र ) नेपाल कोरिया मैत्री DPR कार्यान्यन शिर्षकवाट रु १० (दश लाख) मात्र वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ९ : आय व्यय विवरण सम्बन्धमा ।

चालु आ.ब २०८२।२०८३ को बैशाख मसान्त सम्मको आय व्ययको विवरण उपर छलफल गरियो ।

निर्णय नं १० : रवर वोट हस्तान्तरण सम्बन्धमा ।

यस नगरपालिकाले विपद व्यवस्थापन कार्यका लागि खरिद गरिएको रवर बोट शसस्त्र प्रहरी गण बल २ नं दुवाकोटलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

११. सार्वजनिक शौचालय सम्बन्धमा ।

यस नगरपालिका वडा नं २ स्थित सानोठिमी र वडा नं ७ स्थित नगदेशमा निर्माण भएको सार्बजनिक शौचालय संचालन गर्ने / गराउंने जिम्मेवारी सम्बन्धित वडा कार्यालयलाई दिने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत